का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ असार २०८०,
शुक्रबार
7 July 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १६२ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

सत्ताको सकस

# ‘रेफ्री’ नै मैदानमा



संसदमा पेस भएका विषयमा मतदान भएको अवस्थामा मत बराबर भएमा निर्णायक मत जाहेर गर्नेबाहेक सभामुख कार्यपालिका गठन, विघटन र समर्थनमा सक्रिय रही हस्ताक्षर गर्नु संसदीय लोकतन्त्रको मर्यादा, अभ्यास र कानूनी शासनको विपरीत हुन जान्छ ।

■ **डा. शेखर कोइराला**, नेता, कांग्रेस



तटस्थ सदस्यको नाताले सभामुखले समर्थन गर्नुभएको हो । उहाँ सभामुखमात्रै होइन, प्रदेशसभाको सदस्य पनि हो । ९३ जनामै पर्नुहुन्छ । प्रदेशसभाको सदस्यको नाताले उहाँले समर्थन गर्नुभएको हो ।

■ **उद्धव थापा**, नवनियुक्त मुख्यमन्त्री

सत्ता जोडघटाउमा लागेको भनी प्रमुख विपक्षी एमालेसहितका विपक्षी दलहरुले प्रश्न उठाएका छन् । संविधानका जानकारहरु पनि सत्ता जोडघटाउमा सभामुख सक्रिय हुनु गलत भएको बताउँछन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ असार ।

कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेसका संसदीय दलका नेता उद्धव थापा नियुक्त भएका छन् ।

थापाले प्रदेशसभाका ४७ सदस्यको समर्थन आफूलाई रहेको भन्दै बिहीबार साँझ प्रदेश प्रमुख परशुराम खापुङसमक्ष मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए । खापुङले थापालाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

थापाले आफ्नो दलका २९ प्रदेशसभा सदस्य, माओवादी केन्द्रका १२ जना, नेकपा एकीकृत समाजवादीका ४ जना, जनता समाजवादी पार्टीका १ जना र सभामुख बाबुराम गौतमको आफूलाई समर्थन रहेको भन्दै दाबी पेश गरेका थिए । तर, सभामुख बाबुराम गौतमको »» पृष्ठ २ मा

## सभामुखबाट गल्ती भयो आवश्यक कदम चालिन्छ : एमाले



सभामुखले सरकार गठन गर्ने, सरकारको पक्षमा बस्ने संसारमा नभएको अनौठो भयो । अब सभामुखले कसरी तटस्थ भूमिका खेल्नुहुन्छ ? एउटा कानून छल्न अर्को गल्ती भएको छ । यस विषयमा हामी आवश्यक कदम चाल्छौं ।

**रेवतीरमण भण्डारी**
**प्रमुख सचेतक, एमाले कोशी प्रदेश**


नेकपा एमालेले कोशी प्रदेशका सभामुखको भूमिकालाई लिएर रोष प्रकट गरेको छ । ‘सभामुखले सरकार गठन गर्ने, सरकार पक्षमा बस्ने संसारमा नभएको अनौठो भयो,’ एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीले भने, »» पृष्ठ २ मा

सभामुखको प्रष्टीकरण

## ‘अभ्यासअनुसार हस्ताक्षर गरेको हुँ’

नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्रीमा गरेको दाबीमा समर्थन गर्दै हस्ताक्षर गरका कोशी प्रदेशका सभामुख बाबुराम गौतमले अभ्यास अनुसार हस्ताक्षर गरेको प्रष्टीकरण दिएका छन् । ‘पहिलाको परम्परा हेर्दा नामहरु समावेश हुने गरेको रहेछ । सरकार बनाउने »» पृष्ठ २ मा

# मध्यम नतिजा ल्याउने विद्यार्थी धेरै






| | |
|---|---|
| ०.८ –१.२ | २२ हजार (०.४५ %) |
| १.२ – १.६ | ३८ हजार ७७७ (७. ९९%) |
| १. ६ – २ | ८८ हजार ४४७ (१८.२४%) |
| २ – २.४ | एक लाख २२ हजार ९३ (२१.०९%) |
| २.४ – २.८ | ८९ हजार ३३१ (१८.४२%) |
| २.८ – ३.२ | ७२ हजार ३६२ (१४.९२%) |
| ३.२ – ३.६ | ५५ हजार ६९ (११.३६%) |
| ३.६ – ४ | २२ हजार ४७५ (४.६३%) |
| ननग्रेडेड | १३ हजार ९९२ (२.८९%) |

गत वर्षभन्दा उच्च ग्रेडिङ ल्याउने संख्या धेरै भए पनि समग्रमा औसत नतिजा ल्याउने विद्यार्थीको संख्या धेरै छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ असार ।

माध्यमिक शिक्षा परीक्षा कक्षा १० (एसइई) मा माथिल्लो ग्रेड ल्याउने बढेका छन् । अघिल्लो वर्षको तुलनामा यसवर्ष परीक्षामा माथिल्लो ग्रेड (स्तरीकृत अंक) ल्याउने विद्यार्थीको संख्या सुधारोन्मुख रहेको पाइएको छ । प्रकाशित नतिजाअनुसार तल्लो ग्रेड ल्याउने विद्यार्थी घट्दो र माथिल्लो ग्रेड ल्याउने विद्यार्थी बढ्दो क्रममा रहेका छन् ।

अघिल्ला वर्षमा कोभिड- १९ का कारण भौतिक माध्यमबाट पढाइ नभएको र विद्यार्थीले पर्याप्त तयारी गर्न नपाएकाले नतिजा कमजोर रहेकामा हाल नियमित पठनपाठनले त्यसमा सुधार आएको विश्लेषण गरिएको छ ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार जिपिए शून्य दशमलव ८० देखि १ दशमलव २० ग्रेड ल्याउने २२ हजार विद्यार्थी अर्थात् शून्य दशमलव ४५ प्रतिशत देखिएका छन् । संवत् २०७८ को परीक्षाको परीक्षाफलमा यस ग्रेडमा शून्य दशमलव ६६ प्रतिशत विद्यार्थी थिए ।

जिपिए एक दशमलव २० देखि एक दशमलव ६० सम्ममा यसवर्ष ३८ हजार सात सय ७७ अर्थात् सात दशमलव ९९ प्रतिशत विद्यार्थी छन् भने गत वर्ष नौ प्रतिशत थिए ।

जिपिए एक दशमलव ६० देखि दुईसम्म प्राप्त गर्ने यसवर्ष ८८ हजार चार सय ४७ अर्थात् १८ दशमलव २४ विद्यार्थी छन् भने गतवर्ष २० दशमलव ३० प्रतिशत थिए ।

जिपिए दुईदेखि दुई दशमलव ४० सम्म यसवर्ष एक लाख २२ हजार ९३ विद्यार्थी अर्थात् २१ दशमलव ०९ विद्यार्थी छन् भने गत वर्ष २३ प्रतिशत थिए । जिपिए दुई दशमलव ४० देखि दुई दशमलव ८० सम्म »» पृष्ठ २ मा

# गल्ती सच्याउँदै सरकार

प्रधानमन्त्रीको राजीनामा माग्दै बुधबारको प्रतिनिधिसभा बैठक अवरुद्ध गरेको एमालेले शुक्रबारको बैठकमा अवरोध नगरे मिटरब्याजसम्बन्धी विधेयक पारित हुनेछ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ असार ।

मिटरब्याजी विरुद्धको अध्यादेश निष्क्रिय भए पनि सो लाई प्रतिस्थापन गर्न संसदमा दर्ता भएको विधेयक अघि बढाइने भएको छ । चर्को ब्याज लिएर ऋणीलाई सताउँदै आएका मिटरब्याजीलाई कारबाही गर्न र पीडितको समस्या समाधानका लागि सरकारले ल्याएको विधेयक शुक्रबार नै पारित गर्ने सम्भावित कार्यसूची तय भएको छ ।

प्रतिनिधिसभाको बैठक शुक्रबार दिउँसो ३ बजेका लागि बोलाइएको छ । उक्त बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले राष्ट्रिय सभामा उत्पत्ति भएको ‘मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि’को दफावार छलफल सदनमा गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्ने कार्यसूची छ । साथसाथै विधेयकउपर प्राप्त संशोधनहरूलाई निर्णयार्थ पेश गर्ने र सो विधेयकलाई पारित गरियोस् भनेर प्रस्ताव प्रस्तुत गर्ने सम्भावित कार्यसूची छ ।

प्रधानमन्त्रीको राजीनामा माग्दै बुधवारको प्रतिनिधिसभा बैठक अवरुद्ध गरेको एमालेले शुक्रबारको बैठकमा अवरोध नगरे मिटरब्याज सम्बन्धी विधेयकलाई पारित हुनेछ ।

संघीय संसदका प्रवक्ता एकराम गिरी ६० दिन पुगेका कारण मिटरब्याजी नियन्त्रण गर्ने सम्बन्धी अध्यादेश निष्क्रिय भए पनि त्यसलाई प्रतिस्थापन गर्ने गरी ‘केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८०’ संसदमा दर्ता भई सो विधेयक संघीय संसदमै विचाराधीन रहेको बताउँछन् । राष्ट्रियसभाले पारित गरेर विधेयक प्रतिनिधिसभामा पठाएको उल्लेख गर्दै उनी विभिन्न कारणले पास हुन नसके पनि शुक्रबारको बैठकका लागि सोही विधेयक कार्यसूचीमा राखिएको बताउँछन् ।

सरकारले गत वैशाख २० गते मिटरब्याजीलाई कस्न भन्दै मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याएको थियो । त्यसको ४ दिनपछि प्रतिनिधिसभाको बर्खे अधिवेशन प्रारम्भ भएको थियो ।

गत वैशाख २७ गते प्रतिनिधिसभा बैठकले सो अध्यादेश स्वीकार »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार : आशा र निराशा बराबर

**नवलपुर/रासस–** वैदेशिक रोजगारीका लागि विदेश जाने युवा जनशक्ति बढेसँगै गाउँघर युवाविहीन बन्दै गइरहेका छन् । युवावर्ग शिक्षा तथा वैदेशिक रोजगारीका लागि विदेशिने क्रम बढ्दै जाँदा गाउँमा बालबालिका र ज्येष्ठ नागरिकमात्रै देखिन थालेका छन् ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को मध्यविन्दु नगरपालिकाको ग्रामीण क्षेत्रबाट प्रतिपरिवार कम्तीमा एकजना वैदेशिक रोजगारमा गएका स्थानीयवासी बताउँछन् । मध्यविन्दु-३ का अगुवा गुणराज पौडेलले स्थानीय युवा १८ वर्ष पुगेपछि राहदानी बनाएर विदेश जाने तयारीमा लाग्ने गरेका बताए । ‘यहाँका युवाहरु १८ वर्ष पुग्ने वित्तिकै वैदेशिक रोजगारमा जानका लागि पासपोर्ट बनाउँछन्,’ उनले भने, ‘सक्ने १२ पास गरेपछि अध्ययनका लागि भन्दै विदेश जान्छन्, नसक्नेहरु पासपोर्ट बनाएर मेलेसिया, कतारलगायत खाडी मुलुकतिर जाने गरेका छन् ।’

कुनै आकस्मिक काम परेर युवा खोज्दा गाउँमा युवा भेटाउनै मुस्किल हुने गरेको पौडेलले गुनासो गरे । ‘नगरपालिकाभित्र पर्ने भए पनि पिछडिएको क्षेत्र भएकाले यहाँबाट कमाउनका लागि विदेश जाने युवा धेरै छन्,’ उनले भने, ‘वैदेशिक रोजगारमा जाने क्रम रोकिएन भने गाउँमा मलामी जाने युवाको समेत अभाव हुने सम्भावना देखिएको छ ।’ वैदेशिक रोजगारमा नगएका युवा पनि अध्ययन तथा अवसरको खोजीमा जिल्ला बाहिरका सहरमा जाने गरेकाले गाउँमा युवाहरु भेटाउनै मुस्किल हुने गरेको पौडेलले बताए ।

स्थानीय ६० वर्षीय फणिन्द्रदेवी उपाध्यायका दुई छोरामध्ये दुवै वैदेशिक रोजगारमा छन् । ‘एउटा छोरा साउदीमा छ, अर्को थाइल्याण्डतिर व्यवसाय गरेर बसेको छ,’ उनले भने, ‘स्वदेश फर्किएर केही गर् भन्दा नेपालमा केही गर्ने वातावरण नै छैन भनेर फर्किएका छैनन् ।’ अहिले आफूसहित घरमा एउटी बुहारी र साना नातिनातिना मात्रै बस्ने गरेको उनले बताए ।

‘बुढेसकालको साहारा बन्लान् भनेर छोराछोरी पाल्यो, हुर्कायो, बढायो तर उनीहरु घर बाहिरै गएर रमाउने भए,’ उपाध्यायले भने, ‘दुई तीन वर्षमा आउँछन् । आउने वित्तिकै जान हतार हुन्छ, गइहाल्छन् ।’ उनका अनुसार गाउँबाट एउटै परिवारका तीन-चार जनासम्म युवा वैदेशिक रोजगारीका लागि तेस्रो मुलुक गएका छन् । गाउँबाट रोजगारीका लागि भारतमा जाने युवाको संख्या कति छ भनेर कुनै तथ्यांक नै नभएको स्थानीय बताउँछन् ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार यस नगरपालिकाबाट सात हजार भन्दा बढी मानिसहरु वैदेशिक रोजगारका लागि गएका छन् । मध्यविन्दु नगरपालिकामा »» पृष्ठ २ मा

## मकाउ पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि मकाउ पठाइदिने प्रलोभन दिएर ठगी गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन् । प्रहरीले जितबहादुर थापा मगरलाई वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिने भन्दै ६ लाख ६० हजार रुपैयाँ लिएको भन्दै गोरखा गण्डकी गाउँपालिका स्थायी घर भइ अस्थायीरूपमा ललितपुर गोदावरी ठैब बस्ने दुर्गाबहादुर रेग्मीलाई पक्राउ गरेको हो ।

उनले थापालाई मकाउ पुगेपछि प्रतिष्ठित होटलमा क्लिनरको काम लगाइदिने र मासिक एक लाख २० हजार बढी तलब हुन्छ भनी रकम लिएको उजुरी परेको प्रहरीले जनाएको छ ।

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएकाहरू मध्ये केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही **मिति २०८० असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस मध्यान्ह राष्ट्रिय दैनिक**को** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने केही विज्ञापन एजेन्सी/कम्पनी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२८२९८, ५३२६३६६
Email: madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ असार २०८०, शुक्रबार
7 July 2023, Friday

# सई यादवको अवैध धन्दा: यथेष्ट प्रमाण हुँदा पनि हुँदैन कारबाही


**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २१ असार

अवैध रकम प्रकरणमा मुछिएका प्रहरी नायब निरीक्षक(सई) मदन प्रसाद यादवविरुद्ध कारबाही गर्न यथेष्ट प्रमाण हुँदाहुँदै पनि कारबाही हुन सकेको छैन। इलाका प्रहरी कार्यालय बन्जरहामा कार्यरत तत्कालिन प्रहरी नायब निरीक्षक यादवले भारतबाट अवैध रुपमा रकम नेपाल भित्र्याएको यथेष्ट प्रमाणहरु छन्।

उनले भारतीय नागरिकको एसबिआई बैंकमा रहेको खातामा १८ लाख भारतीय रुपैयाँ अनलाइनमार्फत ट्रान्सफर गराएर खाताधारीहरुमार्फत नेपाल भित्र्याएका थिए।

इशनाथ नगरपालिका १ का ओमप्रकाश साह, उमेश प्रसाद, भारत फुलबरिया ढाकाका राजाबाबु कुमारले जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय रौतहटमा छुट्टाछुट्टै सई यादवविरुद्ध उजुरी समेत दिएका छन्।

उजुरीमा सई यादवले विश्वास जितेर भारतमा रहेका आफन्तहरुको खाता नम्बर माग्न लगाएको र उक्त खातामा झण्डै १८ लाख भारतीय रकम जम्मा गरेको उल्लेख छ।



भारतीय राजाबाबुसँग सई यादवको अडियो संवाद समेत सार्वजनिक भएको छ। उक्त संवादमा सई यादवले भनेका छन्, 'पैसा आयो कि आएन, आयो भने उक्त पैसा झिकेपछि फेरि हाल्नु छ।'

सई यादवले अवैध रकम अर्थात् बिना स्रोतको रकम भारतमा जम्मा गर्न लगाएका थिए। त्यहाँबाट सई यादवले बन्जरहाकै मान्छे पठाएर भारतीय रकम नेपाल सजिलैसँग ल्याएर पटक-पटक भारु नोटलाई नेपाली नोटमा कन्भर्ट गराएका थिए। उक्त रकम यादवले राष्ट्रिय वाणिज्य बैंक र २० मार्चमा एनआईसी एशिया बैंकमा जम्मा गरेका थिए।

एनआईएले भारतीय खाताधारीहरुको खाता ब्लक गरेर अनुसन्धान शुरु गरेपछि ती व्यक्तिहरु भागेर नेपाल आएका थिए।

त्यसपछि दुई नेपाली र एक भारतीय नागरिकले छुट्टाछुट्टै उजुरी दर्ता गराउन जिल्ला प्रशासन कार्यालयमा जाँदा २ दिनसम्म उजुरी दर्ता गर्न मानेन। त्यसको दुई दिनपछि मात्र उजुरी दर्ता भएको उजुरीकर्ता ओमप्रकाश साहले बताए।

सई यादवविरुद्ध यथेष्ट प्रमाणहरु हुँदाहुँदै पनि रौतहट प्रहरी प्रमुखले बन्जरहाको जिम्मेवारीबाट हटाएपनि कारबाहीको प्रक्रिया अघि नबढाएकोमा रौतहट प्रहरीमाथि नै शंका उत्पन्न भएको उनले बताए। उजुरीकर्ताहरुले भने, 'डिजिटल ट्रान्सफर भएका प्रमाणहरु प्रहरी समक्ष बुझाएका छौं। तर छानबिन हुन सकेको छैन।'

स्रोतका अनुसार सई मदन यादवको छोरा भारतमा आइटी सेक्टरमा काम गरिरहेका छन्। उनैले विभिन्न व्यक्तिहरुको खाताको ओपीटी पत्ता लगाएर खाता ह्याक गरेर ट्रान्सफर गर्ने गरेको बुझिएको छ। भारतमा ह्याक भएको अकाउण्टहरु सम्बन्धमा छानविन गरिरहेका एनआईएका टोलीले नेपालसम्म आएर पत्ता लगाउँदा रकम नेपाल आएको खुलासा भएको छ।

विस्तारै च्यानलको माध्यमबाट रौतहट प्रहरीसमक्ष भारतीय अधिकारीहरुले पत्राचार गरेर वास्तविक आरोपितविरुद्ध कारवाही थालिने बलियो सम्भावना रहेको उक्त स्रोतले बताएको छ।

यस विषयमा जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवम् डिएसपी उमाशंकर प्रसाद यादवले केही डिजिटल प्रमाणसहित उजुरी परेपछि मदन यादवको बन्जरहाबाट जिम्मेवारीबाट मुक्त गरी जिल्ला प्रहरी कार्यालय गौरमा तानिएका बताए। उनले भने, 'दुबै पक्षसँग सोध्दा हो र होइन मात्रै जवाफ आइरहेको हुँदा मेरै नेतृत्वमा समिति गठन गरिएको छ। हामी छानबिन गरेर यथार्थ कुरा बाहिर ल्याउनेछौं।'

# घुस लिएको अभियोगमा मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु, काठमाडौंमा कार्यरत मेडिकल ल्याब टेक्नोलोजिष्ट लेखनाथ भट्टराईविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले यसअघि भट्टराईलाई ५० हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको थियो। भट्टराईले ल्याब दर्ता प्रक्रिया अगाडि बढाउन सहजीकरण गरिदिने भन्दै सेवाग्राहीबाट ५० हजार रुपैयाँ घुस लिएको पुष्टि भएको भन्दै अख्तियारले उनीविरुद्ध बिहीबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा ५० हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिई मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

**भ्रष्टाचार मुद्दा दायर**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष सबदुल मियाँविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले यसअघि मियाँलाई ५० हजार रुपैयाँ घुस रकमसहित पक्राउ गरेको थियो। मियाँले निर्माणाधीन भवनको अन्तिम किस्ता रकम भुक्तानीको लागि सिफारिस गरिदिने प्रयोजनार्थ सेवाग्राहीबाट ५० हजार रुपैयाँ घुस लिएको पुष्टि भएको भन्दै अख्तियारले उनीविरुद्ध बिहीबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

# सिरहामा एक पुरुषको शव फेला

**रामएकबाल राम/मध्यान्ह**
सिरहा, २१ असार

सिरहामा एक पुरुषको शव फेला परेको छ। बिहीबार नरहा गाउँपालिका -३ स्थित नयाँ चोहर्वामा रहेको सवडिभिजन वन कार्यालयको अगाडि शव फेला परेको हो। पुरुषले निलो पेन्ट, कालो सर्ट, मुखमा कालो माक्स, टाउकोमा कालो टोपी र शवको नजिकै साइकल, झोला र छाता भेटिएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ।

शवको पहिचान भने खुल्न नसकेको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रहरी निरीक्षक सोनु साहले बताए। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# सडक निर्माणको जिम्मा सेनालाई दिन माग

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, २१ असार



हिमाली जिल्ला डोल्पामा पर्ने ल्यासिक्याप-सिस्यौल सडकखण्डको ३३ किलोमिटर सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिन माग गरिएको छ। बिहीबार डोल्पाबाट निर्वाचित संघीय सांसद धनबहादुर बुढाले सडक निर्माणको जिम्मा सेनालाई दिन माग गर्दै डोल्पाका सम्पूर्ण प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र राजनीतिक दलको तर्फबाट संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई पत्र बुझाएका हुन्।

देशको रणनीतिक महत्वको रूपमा रहेको नेपाल-चीन सिमानामा पर्ने मोरिम-सिस्यौल-दुनै-रुपैहिडिया जोड्ने सडकलाई ब्लास्टिङ गरेर मात्र ट्र्याक खोल्न सम्भव भएकाले सेनालाई दिन आग्रह गरिएको सांसद बुढाले बताए।

हाल मोरिम-सिस्यौल सडकखण्डको ४८ किलोमिटर ट्र्याक खुलिसकेको र सिस्यौल-ल्यासिक्यापको ३३ किलोमिटरको चट्टानी खण्ड मात्र बाँकी रहेको बुढाले बताए।

सेनाले नै विशाल भिर पहरा छिचोलेर डोल्पालाई राष्ट्रिय सडक सञ्जालमा जोडेर महत्वपूर्ण योगदान रहेको बताउँदै अब यो सडक पनि सेनाले खोल्नुपर्ने उनको भनाइ छ।

भेरी करिडोरअन्तर्गत पर्ने तल्नु-दुनैबीचमा पर्ने सानाठूला खोलामा पक्की पुल र तल्नु-दुनै सडकखण्ड कालोपत्रेका लागि अब छिट्टै टेन्डर खुलाउने तयारी भइरहेकोसमेत बुढाले बताए। त्यसैगरी, कर्णाली प्रदेश सभा सदस्य वीरबहादुर शाहीले डोल्पासम्म राष्ट्रिय सडक जोडेर सेनाले अनुभव बटुलिसकेकाले सिस्यौल-ल्यासिक्याप सडक निर्माणको जिम्मा सेनालाई दिँदा छिटो, छरितो र भरपर्दो हुने बताए। सेनालाई सडक निर्माणको जिम्मा दिनुपर्छ भन्नेमा डोल्पाका सम्पूर्ण जनप्रतिनिधि र राजनीतिक दल एक ठाउँमा उभिएकाले अब त्रिदेशीय व्यापारिक सडक भेरी करिडोरले पूर्णता पाउनेमा कुनै शंका नरहेको शाहीले बताए।

पत्रमा पूर्व उद्योग पर्यटन वन तथा वातावरणमन्त्री तथा प्रदेश सभा सांसद वीरबहादुर शाही, प्रदेश सांसद शेरबहादुर बुढा, कर्णाली प्रदेश सरकारका जलस्रोत तथा ऊर्जा विकासमन्त्री उर्मिला विश्वकर्मा, जिल्ला समन्वय समितिका प्रमुख श्यामबहादुर रोकायलगायत गाउँपालिका अध्यक्ष तथा विभिन्न राजनीतिक दलका जिल्ला नेतृत्वको हस्ताक्षर छ।

## सत्ताको...

समर्थनलाई लिएर प्रश्न उठेको छ। उनी सत्ता जोडघटाउमा लागेको भनी प्रमुख विपक्षी नेकपा एमालेसहितका विपक्षी दलहरुले प्रश्न उठाएका छन्। संविधानका जानकारहरु पनि सत्ता जोडघटाउमा सभामुख सक्रिय हुनु गलत भएको बताउँछन्।

सभामुखको भूमिकालाई लिएर नेपाली कांग्रेसभित्रै प्रश्न उठेको छ। कांग्रेस नेता डा. शेखर कोइरालाले फेसबुकमा लेखेका छन्, 'प्रदेश संसद्को सभामुख संलग्न भएको दलको समर्थनमा सरकार निर्माण हुने प्रक्रियामा सो दलले आफ्नो सदस्य संख्यामा सभामुखलाई समेत गणना गरी पठाउने कुराको संवैधानिक व्याख्या छैन। तर सभामुख आफैंले हस्ताक्षर गरेर सरकार गठनमा समर्थन रहेको कुरा लिखित रुपमा पेस गरेको अवस्था हो भने यस्तो कार्य संवैधानिक सर्वोच्चता र लोकतान्त्रिक संसदीय पद्धतिको सिद्धान्त विपरीत हुन जान्छ।'

उनले सभामुखको संवैधानिक भूमिका भनेको व्यवस्थापिका संसदको कार्य संचालन गर्नु र अध्यक्षता गर्नु हो भन्ने पनि प्रस्ट पारेका छन्। 'यदि संसदमा पेस भएका विषयमा मतदान भएको अवस्थामा मत बराबर भएमा निर्णायक मत जाहेर गर्नेबाहेक कार्यपालिका गठन, विघटन र समर्थनमा सक्रिय रही हस्ताक्षर गर्नु संसदीय लोकतन्त्रको मर्यादा, अभ्यास र कानूनी शासनको विपरीत हुन जान्छ,' उनले भनेका छन्।

कोइरालाकै सोही तर्कलाई बल पुग्ने गरी राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य गणेश कार्कीले सभामुखको गणना कुनै पनि दलले गर्न नपाउने उल्लेख गरेका छन्। 'दुवैतिर मत बराबरी भएर निर्णय अड्किएका अवस्थामामात्रै सभामुखले निर्णायक मत दिन पाउने भएकाले सामान्य अवस्थामा उनको गणना कुनै दलले गर्न पाउँदैन,' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'कोशी प्रदेशमा कांग्रेस, माओवादी, समाजवादी र जसपाको गठबन्धनले सभामुखसमेत गनेर बहुमतको दाबी गर्नु सरासर अनैतिक र अराजनीतिक हो। एक पटकको सरकार बनाउन संविधानलाई नै कुल्चिन खोज्नु खेदजनक छ।'नवनियुक्त मुख्यमन्त्री थापाले भने सभामुखले विवादमा पर्ने कुनै काम नगरेको बताएका छन्।

'तटस्थ सदस्यको नाताले उहाँले समर्थन गर्नुभएको हो। सभामुखलाई हामीले विवादमा पारेका छैनौं। उहाँ सभामुखमात्रै होइन, प्रदेशसभाको सदस्य पनि हो। ९३ जनामै पर्नुहुन्छ। प्रदेशसभाको सदस्यको नाताले उहाँले समर्थन गर्नुभएको हो,' थापाले भनेका छन्।

## सभामुखबाट...

'अब सभामुखले कसरी तटस्थ भूमिका खेल्नुहुन्छ? एउटा कानून छल्न अर्को गल्ती भएको छ। यस विषयमा हामी छलफल गरिरहेका छौं। आवश्यक कदम चाल्छौं।'

यसअघि एमालेले प्रदेश प्रमुखलाई सोही विषयमा ध्यानाकर्षण गराउँदै मुख्यमन्त्री नियुक्ति प्रक्रिया रोक्न माग गरेको थियो। 'अहिले कोशी प्रदेशसभाका माननीय सभामुख बाबुराम गौतम कुनै पनि दलको सदस्य होइन र उहाँको नाम सरकार गठनका लागि संख्यामा गणना गर्न संविधान, कानून, संसदीय मूल्य, मान्यता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सिद्धान्त एवम् अभ्यास विपरीत हुने र स्वयम् सभामुखको गरिमामा समेत गम्भीर प्रश्न उठ्नेछ,' एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले प्रदेश प्रमुखलाई दिएको ध्यानाकर्षण पत्रमा उल्लेख छ, 'उपरोक्त तथ्य, प्रमाण र विश्लेषणको आधारमा समाभुख पदमा आशिन व्यक्ति निष्पक्ष र तटस्थ भूमिकामा रहने हुँदा कुनै निश्चित दलको संख्यामा गणना गरी सोही आधारमा प्रदेश सरकार गठन प्रक्रियामा बहुमत पुर्‍याएको भनि संविधानको धारा १६८ (२) बमोजिमको सरकार गठनका लागि दाबी पेस भई आएमा मुख्यमन्त्री नियुक्त नगर्नका लागि माननीय प्रदेश प्रमुखज्यू समक्ष विनम्रता पूर्वक यो ध्यानाकर्षण पत्र पेस गरेको छु।'

## सभामुखको...

बेलामा माथि राष्ट्रपति कहाँ नाम जाने गरेको पाइयो। तल प्रदेश प्रमुखमा पनि सभामुखहरुको नाम जाने गरेको पाइयो', उनले भनेका छन्।

संविधानको धारा १६८ (२) अनुसार मुख्यमन्त्रीमा दाबी पेश गर्न प्रदेश प्रमुखले बिहीबार अपराह्न ५ बजेसम्मको समय दिएका थिए। राप्रपाको समर्थन जुटाउने प्रयास असफल भएपछि कांग्रेस-माओवादी गठबन्धनले सभामुखको हस्ताक्षर प्रयोग गरेर बहुमत देखाएका छन्।

नेकपा एमाले र राप्रपाले सरकार गठनमा सभामुखको भूमिका हुन नहुने बताएका थिए। उनीहरुले प्रदेश प्रमुखलाई ध्यानाकषर्ण समेत गराएका छन्।

तर मुख्यमन्त्री नियुक्तिका लागि कांग्रेस (२९) संसदीय दलका नेता थापाले पेश गरेको दाबीमा माओवादी केन्द्र (१२), एकीकृत समाजवादी (४) र जनता समाजवादी पार्टी (१) का दल नेतासँगै सभामुख गौतमले हस्ताक्षर गरेका छन्।

## मध्यम ...

ल्याउनेमा यसपटक ८९ हजार तीन सय ३१ अर्थात् १८ दशमलव ४२ छन् भने गतवर्ष १८ दशमलव ३१ प्रतिशत थिए।

जिपिए दुई दशमलव ८० देखि ३ दशमलव २० सम्ममा ७२ हजार तीन सय ६२ अर्थात् १४ दशमलव ९२ प्रतिशत विद्यार्थी छन् भने गत वर्ष १४ दशमलव १९ प्रतिशत थिए।

जिपिए तीन दशमलव २० देखि तीन दशमलव ६० ग्रेड ल्याउने ५५ हजार ६९ अर्थात् ११ दशमलव ३६ प्रतिशत छन् भने गत वर्ष ८ दशमलव ४० प्रतिशत थिए।

जिपिए ३ दशमलव ६० देखि चार प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या यसवर्ष २२ हजार चार सय ७५ अर्थात् चार दशमलव ६३ प्रतिशत छ भने गतवर्ष एक दशमलव ९४ प्रतिशत विद्यार्थी थिए। यसवर्ष ननग्रेडेड हुनेमा १३ हजार नौ सय ९२ अर्थात् दुई दशमलव ८९ प्रतिशत विद्यार्थी छन्।

परीक्षामा चार लाख ८४ हजार नौ सय ३९ नौ विद्यार्थी रहेकामा चार सय ३१ विद्यार्थीको परीक्षा रद्द गरिएको छ भने दुई सय ९० विद्यार्थीको परीक्षाफल स्थगन गरिएको बोर्डले जनाएको छ।

अक्षरांकन पद्धतिबमोजिम ९० देखि १०० प्रतिशत प्राप्तांक हुनेलाई ए प्लस, ८० देखि ९० भन्दा कम अङ्क प्राप्त गर्नेलाई ए, ७० देखि ८० भन्दा कम प्राप्ताकङ् हुनेलाई बी प्लस, ६० देखि ७० भन्दा कम प्राप्ताकङ् हुनेलाई बी, ५० देखि ६० भन्दा कम प्राप्ताकङ् हुनेलाई सी प्लस, ४० देखि ५० भन्दा कम प्राप्ताकङ् हुनेलाई सी, ३० देखि ४० भन्दा कम प्राप्ताकङ् हुनेलाई डी प्लस, २० देखि ३० प्राप्तांक हुनेलाई डी तथा २० भन्दा कम प्राप्ताकङ् हुनेलाई ई ग्रेड प्रदान गरिन्छ।

## गल्ती...

गरेको थियो भने सो अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले गत असार ५ गते राष्ट्रियसभामा दर्ता गराएका थिए।

राष्ट्रियसभाले असार १५ गते अध्यादेशको प्रतिस्थापन विधेयक पारित गरेर प्रतिनिधिसभामा पठाए पनि निष्क्रिय हुन ३ दिन बाँकी रहँदा सरकारले प्रतिनिधिसभा बैठकमा प्रस्तुत गरेको थियो। बुधबारको बैठकबाट पारित गरेपछि राष्ट्रपतिकहाँ प्रमाणीकरणका लागि पठाउने योजना प्रमुख प्रतिपक्षी दलका कारण अवरोध सिर्जना भएको थियो।

## वैदेशिक...

१५ हजार चार ३० परिवार रहेकामा सात हजार ६ सय ३९ जना मानिस वैदेशिक रोजगारमा गएका तथ्यांकले देखाएको छ। राष्ट्रिय जनगणनाको तथ्यांक अनुसार पनि औषतमा प्रति दुई परिवारमा एक जना वैदेशिक रोजगारमा जाने गरेको देखिएको छ।

वैदेशिक रोजगारमा जाने मानिसमध्ये १५ वर्षदेखि २४ वर्ष उमेर समूहका मानिस धेरै देखिएका छन्। यस उमेर समूहका तीन हजार पाँच सय ९८ युवा रोजगारीको सिलसिलामा नेपाल बाहिर रहेको केन्द्रीय तथ्यांक विभागले जनाएको छ। युवा उमेर मानिने १५ वर्षदेखि ४४ वर्ष उमेर समूहका छ हजार नौ सय ९७ जना युवा मध्यविन्दु नगरपालिकाबाट वैदेशिक रोजगारमा गएका विभागले जनाएको छ।

युवाहरु विदेश पलायन हुँदा मुलुकको चौतर्फी विकासमा असर पर्ने मध्यविन्दु नगरपालिका प्रमुख भीमलाल अधिकारी बताउँछन्। 'अहिले मुलुक नवनिर्माणको अभियानमा छ। यसबेला देशमा दक्ष र प्राविधिक जनशक्तिको खाँचो छ,' उनले भने, 'तर प्रतिभा पलायनले गर्दा दक्ष जनशक्तिको अभाव छ। मुलुक निर्माणको महाअभियानमा युवालाई विकासको साझेदार बनाउनुपर्छ।'

युवाको ज्ञान, सीप, सिर्जनशीलता र ऊर्जा राष्ट्र निर्माणमा लगाउन सके मात्र विकास सम्भव भएको नगरप्रमुख अधिकारीले बताए। हरेक वर्ष ठूलो संख्यामा यसवा शक्ति वैदेशिक रोजगारीमा जानु दुःखद् भएको उनको भनाइ थियो।

'युवा विदेश जाने बढ्दो क्रम रोक्न स्वदेशमै रोजगारीको ग्यारेन्टी, सबै खालका श्रमको सम्मान र समाजिक सुरक्षाअन्तर्गत बेरोजगारलाई बाँच्न पुग्ने भत्ताको व्यवस्था गर्नु आवश्यक छ,' नगरप्रमुख अधिकारीले भने, 'यसका लागि तीनै तहको सरकारका साथै मुलुकका उद्योगी व्यवसायीको सहकार्य आवश्यक छ।' पालिकाले वैदेशिक रोजगारबाट फर्किएका युवालाई स्थानीयस्तरमै स्वरोजगार बनाउनका लागि सहुलित ऋण उपलब्ध गराउनुका साथै आवश्यक तालिम प्रदान गरिरहेको उनले बताए।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/१०/१८ मा दर्ता भएको **प्रा.लि. नं. ३०६२२५** को **डि.आर.मेडि हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७३/१०/२७ मा दर्ता भएको **प्रा.लि. नं. १६३४७६** को **के. एण्ड डब्लु. कन्स्ट्रकसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


**कुवेतमा रोजगार** | कम्पनी : CONCEPT COMMUNICATIONS CARPENTRY FACTORY
शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०३/२१ चलानी नं.: ६०२०४२८८ LT. No.:288855

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Building Concrete Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ४२,७२१ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Asst Carpenter | 2 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 3. | Asst Painter | 2 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 4. | Asst Welder (Construction) | 2 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 5. | Building Carpenter Assistant | 3 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 6. | Building Concrete Worker/ Block Work(Construction) | 3 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 7. | Building Construction Helper | 3 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 8. | Carpenter Building Construction Carpenter | 3 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 9. | Ceramic And Marble Fixing Helper | 3 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 10. | Ceramic And Marble Fixing Techian | 2 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 11. | Concrete Terrazo Work | 2 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 12. | Furniture Carpenter | 2 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 13. | Gypsum Board Technician | 3 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 14. | Handi Craft Carpenter | 2 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 15. | Laser Welder | 1 | 0 | | 180 | ७६,८९८ | | | | | | | |
| 16. | Master Carpenter | 3 | 0 | | 140 | ५९,८०९ | | | | | | | |
| 17. | Master Welder | 2 | 0 | | 150 | ६४,०८२ | | | | | | | |
| 18. | Painter Powder-coating | 1 | 0 | | 180 | ७६,८९८ | | | | | | | |
| 19. | Site Cleaning Labours | 3 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 20. | Welder (Construction) | 2 | 0 | | 135 | ५७,६७३ | | | | | | | |
| 21. | Wood Turner Worker | 2 | 0 | | 110 | ४६,९९३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २९ गते (14 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Gov. Lic. No.: 703/064/65
**Bright Star Human Resources PVT. LTD.**
Basundhara, Kathmandu, Nepal, Tel.: 01- 5910659
Email: brightstarhrnp@gmail.com/ Website: brightstarshr.com
Mob: 9846035174 | 9851044323 | 9851055165 | 9810264566 | 9818002688 | 9851315983 | 9841076393

**मलेसियामा रोजगारको अवसर** | कम्पनीः YAU KEE NEW RESTAURANT
शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०३/२१ चलानी नं.: ६०२०४३०९ LT. No.: 288998

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब MR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crew Restaurant | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २९ गते (14 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम इजाजत नं. ५४०/०६१/०६२
**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामाखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनीः Kuwait Food Co Americana Main Office One Person Company llc शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/२० चलानी नं.: ६०२०४३०८ L.T. No.: 288943

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 100 | 150 | स. काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता होटल सेन्टर प्वाइन्ट झापा, बिर्तामोडमा २०८० असार २९ गते (14 July 2023) मा हुनेछ।
अन्तर्वार्ता होटल इन टुरिजम सुनसरी, इटहरीमा २०८० असार २९ गते (14 July 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

AKP Gov. Lic. No. 712/064/065
**AIR KINGS PLACEMENT PVT. LTD.**
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob: 9845297209, 9841250386)


**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**उर्लाबारी, मोरङ्ग**
**कोशी प्रदेश, नेपाल**

**E–BID मार्फत दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/२२**

यस उर्लाबारी नगरपालिकामा आ.व २०८०/०८१ मा गरिने कार्यहरुको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा घटाघटको माध्यमबाट सूचना प्रकाशन गर्ने प्रयोजनका लागि दरभाउपत्र नं. UMO/MORANG/SQ–02/ADV/2079/80 मिति २०८०/०३/२२ मा E–BID मार्फत दररेट माग गरिएकोले यो सूचना प्रकाशन गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np.egp वा यस कार्यालयको वेबसाईट www.urlabarimun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**

अन्तरजातीय विवाहपछि आगलागी घटना

# किशोरीका परिवार भन्छन्- 'अपराध लुकाउन बेपत्ता बनाइयो'

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २१ असार



जुम्लाको तातोपानी गाउँपालिकाकी १४ वर्षीया किशोरीलाई सोही वडाका मुकेन्द्र नेपालीले बन्धन बनाएर बेपत्ता बनाएको आरोप लागेको छ । यही असार १२ गते आमाको लागि औषधी लिन भनेर हिँडेकी किशोरीलाई सोही वडाका मुकेन्द्र नेपालीले बेपत्ता पारेको किशोरीका परिवारले जनाएका छन् ।

बालिकालाई बेपत्ता पारिएको घटना ढाकछोप गर्न र कानूनबाट बच्न केटाका आफन्तले जातीय मुद्दा बनाएर प्रचार-प्रसार गरिरहेको किशोरीका दिदी निशा गिरीले बताइन् ।

बिहीबार पत्रकार सम्मेलनमा बोल्दै गिरीले भनिन्, 'मिडियाहरूले पनि बालिकालाई बन्धक बनाएर बेपत्ता बनाएको घटना बाहिर ल्याएनन् । घरमा आगो लगाएको विषयलाई मात्र समाचार बनाएर छापे र प्रसारण गरे ।'

किशोरीको अवस्था के छ ?, भनेर समाज, मिडिया र राजनीतिकर्मी बेखबर भएको उनको भनाइ छ । किशोरीका आफन्तले प्रहरीमा खोजी गर्न निवेदन दिएका छन् । घटना बालविवाहको भएपनि अन्तरजातीय बिहे भनेर हल्ला फैलाइएको उनको भनाइ छ । बालिकाप्रति सबैको ध्यान केन्द्रीत गर्न उनले आग्रह गरेकी छन् । उनले आफ्नो भाई हिक्मत गिरी अहिले प्रहरी हिरासतमा रहेको बताउँदै यहि आगजनीको घटना ऊ बाट भएको भएपनि कानूनको भागिदार हुनुपर्ने बताइन् ।

उता केटा पक्षले किशोरीसहित दुई जना नै वेपत्ता भएको बताएका छन् । केटाका दाइ भरत नेपालीले बुधबार पत्रकार सम्मेलन गरेर भाइसहित परिवारलाई नै सखाव बनाउने सयन्त्र भएको त छैन भन्दै प्रश्न गरे ।

जुम्लाको तातोपानी- ४ गिडीखोलामा गैरदलित केटीलाई दलित केटाले भगाएपछि दलित केटाको घरमा आगो लगाइएको थियो । आगो लगाउने गैरदलित केटीका दाइ हिक्मत गिरी भएको प्रहरीले जनाएको छ ।

केटा दलित हुनु र उनको घर जलाइनुले मुद्दा आपराधिक गतिविधि मात्रै नभएर जातीय विभेद समेत भएको घरबारविहीन बनाइएका मुकेन्द्रका दाइ भरत नेपालीले बताए ।

घटना जातीय विभेद हो भन्दै केटीका दाइ, बुबा र काका तीन जनाको नाममा किटानी जाहेरी दिएका छन् । तर, केटीका दाइबाहेक अरु दुई जनालाई पक्राउ गरिएको छैन ।

उनीहरुलाई पक्राउ नगर्नुले घटनालाई तोडमोड गर्न खोजिएको भरतले बताए ।

उनले आफूहरुलाई घरबारविहीन बनाउँदासमेत मानव अधिकार आयोगले केहि नबोलेको र आपराधिक र जातीय विभेदको घटनालाई तोडमोड गर्ने प्रयास भएको बताए ।

मूलधारका सञ्चारमाध्यम, अधिकारवादी संघसंस्था, राजनीतिक दल र तीनका भातृ संगठनहरुले अन्तरजातीय विवाह पश्चात् घर जलाइएको भनेका छन् । प्रहरी समक्ष बयान दिँदा आवेगमा आएर घर जलाएको भनि केटीका दाइले स्वीकार गरिसकेका छन् ।

केही सञ्चार माध्यममा केटा र केटीको उमेरको विषयलाई लिएर बहस थालिएको छ । किशोरीको उमेर २०६५ मंसिर ८ लाई आधार मानेर गन्दा १४ वर्ष सात महिना हुन आउँछ । दुई पक्षले अपराधीले कानून अनुसार कारवाही हुनुपर्ने माग गरेका छन् ।

सोही ऐनको दफा (२) मा उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ भनी उल्लेख गरिएको छ । यस हिसाबले उनीहरुले विवाह नै गरेको खण्डमा विवाह संवतः बदर हुन्छ । यदि विवाह गरिएको खण्डमा दफा (३)को प्रावधानअनुसार कानूनी कारबाहीको बाटो खुला छ । दफा (४) मा उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुनेछ भनि उल्लेख गरिएको छ ।


## डिभिजन वन कार्यालय, वीरेन्द्रनगर, सुर्खेतको

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८०/०३/२२**

यस कार्यालय अन्तर्गतको कार्यक्षेत्रभित्र संकलन भई घाटगद्दीमा रहेको विभिन्न जातको गोलिया थान ४५१ को परिमाण ४३१२.०७ क्यू फिट काठ र विभिन्न जातको १८.७३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम सूचीकृत भएको काठ, दाउरामा आधारित उद्योगले यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेभसाईट www.dfosurkhet.gov.np मा विस्तृत सूचना हेर्न सकिनेछ ।

## अनुसूची-१५
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

### काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०३/२२**

श्री लामपोखरी सामुदायिक वन उपभोक्ता समुह, गुर्भाकोट-१३, १४ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको साल जातको गोलिया थान २९ को २७९.४१ क्यु.फि., असना जातको गोलिया थान २५ को ३२८.१४ क्यु.फि., कर्मा जातको गोलिया थान ३ को २९.५० क्यु.फि., शिरिष जातको गोलिया थान ६ को ५९.६७ क्यु.फि. र करियो जातको गोलिया थान ४ को ३९.५६ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. वीरेन्द्रनगर सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ ।

**श्री लामपोखरी सामुदायिक वन उपभोक्ता समुह**
**लेकवेशी-१३, १४ सुर्खेत**

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

**यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्कः 01-4958923 / 01-4952044
मोः 9741818340 ( WhatsApp/Viber )

## कुवेतमा रोजगारको अवसर

१. कम्पनीः ELBASHA FOR DELIVER CONSUMER ORDERS
शहरः Kuwait,AHMADI GOVERNORATE

पूर्व स्वीकृत मितिः २०७९/१०/२० चलानी नं.: ६०१९६०१२ LT. No.: 280491 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 30 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५७,६७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 30 | 0 | | 135 | ५७,६७३ | | | | | | | |

२. कम्पनीः DIAMOND COMPANY FOR CONSUMER ORDERS DELIVERY शहरः FARWANIYA GOVERNORATE
पूर्व स्वीकृत मितिः २०७९/०२/२० चलानी नं.: ६०१८१३१० LT. No.: 264342 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Worker | 22 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४६,९९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner/offices | 33 | 0 | | 100 | ४२,७२१ | | | | | | | |
| 3. | WORKER / PRODUCT PACKAGING | 23 | 0 | | 110 | ४६,९९३ | | | | | | | |
| 4. | CLEANER / KITCHEN UTENSILS | 22 | 0 | | 100 | ४२,७२१ | | | | | | | |

## युएईमा रोजगारको अवसर

३. कम्पनीः SUPERBRIGHT CHOICE CLEANING SERVICES
शहरः UAE

पूर्व स्वीकृत मितिः २०७९/११/२८ चलानी नं.: ६०१९७९२८ LT. No.: 282471 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 39 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Supervisor | 5 | 0 | | 1400 | ५०,०३६ | | | | | | | |
| 3. | Office Supervisor | 1 | 0 | | 1400 | ५०,०३६ | | | | | | | |
| 4. | Follow up clerk | 2 | 0 | | 1000 | ३५,७४० | | | | | | | |
| 5. | ARCHIEVE CLERK. | 5 | 0 | | 1000 | ३५,७४० | | | | | | | |
| 6. | Site Superviso | 1 | 0 | | 1400 | ५०,०३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २९ गते (14 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## मलेसियामा रोजगारको अवसर

कम्पनीः LIM HOO SENG CONSTRUCTION SDN. BHD.
शहरः JALAN

पूर्व स्वीकृत मितिः २०८०/०३/२१ चलानी नं.: ६०२०४२९४ LT. No.: 288973

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असार २९ गते (14 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्नु विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं १५५८/०७५/०८०
**GOOD EARTH INTERNATIONAL PVT.LTD.**
Basbari- 3, Kathmandu, Nepal. TEL: 01- 5912258, 5912259
Email: goodearthint58@gmail.com

## साईप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनीः H & R EMPLOYMENT CONSULTANTS शहरः PAFOS
पूर्व स्वीकृत मितिः २०८०/०३/२१ चलानी नं.: ६०२०४२९३ LT. No.: 288076

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 5 | 15 | स. काममा दक्ष | 600 | ८५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार ३१ गते (16 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GLOBAL RISING PLACEMENT PVT. LTD.**
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Goushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636

## कुवेतमा रोजगार

कम्पनीः UNITED DIAMOND COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः२०८०/०३/२१ चलानी नं.:६०२०४२८५ L.T. No.:288956

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 13 | 0 | स. काममा दक्ष | 130 | ५५५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २९ गते (14 July 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1286/074/075
**FISHTAIL OVERSEAS PVT. LTD.**
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com

## Burnie मा रोजगार

कम्पनीः DE' ARAB SDN BHD
